पैंयूँ गाउँपालिका

गाउँ कार्यपालिका वैठक

सम्वत् २०७९।११।२३ गते　　　　　　　　　　　　　　　　　　　　आ.ब. २०७९/८० बैठक क्र.सं.१३

निर्णयहरु:

१. यहि मिति २०७९।११।२४ गते (मार्च ८) का दिन पर्ने ११३ औ अन्तराष्ट्रिय महिला दिवसको उपलब्धमा गाउँपालिकाद्वारा आयोजित प्रभातफेरी तथा नृत्यसहितको लोकगीत प्रतियोगिताकार्यक्रम ब्यवस्थित तरिकाले सु-सम्पन्न गर्ने ।

२. प्रधानमन्त्री रोजगार कार्यक्रमका लागि वडा नं. ५ अन्तर्गत सूचिकृत भएका ब्यक्तिहरुले काम गर्ने गरी तरकारीखेतीको लागि उपयुक्त जग्गा बार्षिकरुपमा भाडामा लिई ५ नं. वडामा नमुना तरकारीखेती सञ्चालन गर्ने ।

३. जनप्रतिनिधि र कर्मचारीको लागि मिति २०७९।१२।०३ गते देखि २०७९।१२।०५ गते सम्म ३ तीन अभिमुखिकरण/क्षमता विकास तालिम कार्यक्रम सञ्चालन गर्ने ।

४. मोदी गाउँपालिका द्वारा आयोजित यहि फाल्गुन २७ देखी ३० गते सम्म हुने तेश्रो राष्ट्रिय सभा सम्मानीय अध्यक्ष कप २०७९ मा यस गाउँपालिकाको तर्फबाट समेत खेलाडीहरु सहभागी गराउने ।

५. हालसालै कुश्मामा सम्पन्न भएको राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगितमा यस गाउँपालिका द्वारा सहभागी खेलाडीहरुको होटलबास खर्च, जातेआते सवारी भाडा खर्च, खेलकुद पोशाक लगायतको बिल भरपाई अनुसारको अन्य ब्यवस्थापकीय खर्चको भुक्तानी दिने ।

पैंयूँ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हुवास, पर्वत
गण्डकी प्रदेश, नेपाल
२०७३